जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०४ पृष्ठः ४ | २०८२ चैत्र १६ सोमबार (Monday 30 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एमाले सिरहाका नेता साह रास्वपा प्रवेश



**सुरेन्द्रकुमार कामती**

सिरहा, १५ चैत्र। सिराहा एमालेका नेता एवं सिटिइभिटी मधेश प्रदेशका पूर्वनिर्देशक नागेन्द्रप्रसाद साह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन्। एमालेको संगठित सदस्य हुँदै पार्टीको विभिन्न जिम्मेवारी बहन गरेका साहलाई रास्वपाका उपसभापति डिपी अर्यालले पार्टीको लोगोसहितको ब्याच लगाइदिँदै स्वागत गरेका हुन्। सो अवसरमा पार्टी महामन्त्री कविन्द्र बुर्लाकोटीसमेत उपस्थित थिए।

अगामी स्थानीय तहको निर्वाचनलाई लक्षित गरी साह रास्वपा प्रवेश गरेका बताइएको छ। उनकी श्रीमती बबिता कुमारी साह सिरहा नगरपालिकाकी उपमेयर हुन्। २०७९ को निर्वाचनमा साहले मेयरको टिकट नपाएपछि बबितालाई एमालेले उपमेयरको टिकट दिएको थियो। सिरहा नगरपालिका- १० नरैहिया घर भएका साह फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा सिरहा ३ का एमाले उम्मेदवार लीलानाथ श्रेष्ठलाई जिताउन सक्रियतापूर्वक

## घाइते मिना सदाय उपचारबाट वञ्चित



**जीवछ यादव**

लहान, १५ चैत्र। लहान नगरपालिका-१ की २५ वर्षीया मिना देवी सदाय मोटरसाइकलको ठक्करबाट घाइते भए पनि उपचार खर्च अभावमा उपचारबाट वञ्चित हुनुभएको छ। बिहीबार आफ्नै घरअगाडि उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको मोटरसाइकलले उहाँलाई ठक्कर दिएपछि चालक फरार भएको थियो। पानी लिन जाँदै गर्नुभएको मिनालाई तीव्र गतिमा आएको मोटरसाइकलले ठक्कर दिएको थियो। दुर्घटनामा उहाँको मस्तिष्कमा चोट लागेर रगत जमेको तथा कानको जाली फुटेको छ।

परिवारका अनुसार घाइते उहाँलाई लहानस्थित रामकुमार शारडा उमा प्रसाद अस्पतालमा लगिएको थियो। तर टाउकोमा गम्भीर चोट लागेको भन्दै त्यहाँ उपचार सम्भव नभएपछि उहाँलाई विराटनगरस्थित कोशी अस्पताल रिफर गरिएको थियो। गाउँमा

## ओली पक्राउको विरोधमा सप्तरीमा प्रशासनलाई ज्ञापनपत्र

**देवराम यादव**

सप्तरी, १५ चैत्र। नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी शर्मा ओलीको पक्राउको विरोधमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा विरोधपत्र (ज्ञापनपत्र) बुझाएका छन्। पक्राउको विरोधमा नेकपा( एमाले)का कार्यकर्ताहरूले प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल मार्फत प्रधानमन्त्री

-बाँकी तीन पेजमा

## तीन दिनभित्र तलवभत्ता नपाए आन्दोलनमा जाने लहानका सामुदायीक विद्यालय शिक्षकको चेतावनी

लहान, १५ चैत्र। तत्काल तलबसहितका सम्पूर्ण रकम निकासा माँग गर्दै लहान नगरपालिकाका सामुदायिक विद्यालयका शिक्षक कर्मचारीले ज्ञापनपत्र बुझाएका छन्। लामो




समयदेखिको तलव सुविधा तत्काल पाउनुपर्ने माँगसहित उनीहरुले आईबार ईलाका प्रशासन कार्यालय लहानमार्फत प्रधानमन्त्री कार्यालय, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेर ज्ञापनपत्र बुझाएका हुन्।

उनीहरुले गत पुस महिनादेखि हालसम्मको सम्पूर्ण तलव भत्तासहितका रकम तीन दिनभित्र नपठाए आन्दोलनमा जान बाध्य हुने चेतावनीसमेत दिएका छन्। उनीहरुले बुझाएको ज्ञापनपत्रमा तलब भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, ननसेलरी, दिवाखाजा, विद्यालय व्यवस्थापन अनुदान, संघीय अनुदान र स्वयंसेवक शिक्षकहरुले तलब

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- वालवालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सरकारको नियत र विधिको शासनको परीक्षा

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले गठन हुनेबित्तिकै थालेको पक्राउले राजनीतिक प्रतिशोधको सन्देह बढाएको छ। प्रचण्ड बहुमतको शक्तिशाली सरकारमाथि न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका नाममा प्रक्रिया मिचेको आरोप लागेको हो। सरकारका तर्फबाट दिइएको स्पष्टीकरणमा भने प्रतिवेदन कार्यान्वयनको स्वाभाविक कारबाहीमात्र गरिएको जनाइएको छ। जेहोस्, भदौ आन्दोलनका बेला प्रधानमन्त्री रहेका केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई सरकारले पक्रेपछि राजनीतिक वृत्तमा अनेकौं अडकलबाजी सुरुभएको देखिन्छ।

भदौ २३ र २४ गतेको घटनाको छानबिन गरी कारबाही सिफारिस गर्न अगिल्लो सरकारले न्यायिक छानबिन आयोग गठन गरेको थियो। पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले छानबिन आयोगका अध्यक्ष हुनुभन्दा पहिले नै ओलीलगायतविरुद्ध दिएको अभिव्यक्तिका कारण उनको आयोग र प्रतिवेदनमा पनि एक पक्षको अविश्वास कायमै रह्यो। कार्की आयोगको विवादास्पद प्रतिवेदन आधिकारिकरूपमा सार्वजनिक नगरी सिफारिस कार्यान्वयनको कारबाही अगाडि बढाइएकोमा पनि कानुनविद्हरूले आपत्ति जनाएका छन्। यस्तै, भदौ २४ को घटना प्रथम दृष्टिमै संगठित विध्वंसजस्तो देखिने भए पनि कार्की आयोग दोषी किटान र कारबाही सिफारिसमा मौन रहेकाले समेत प्रतिवेदन विवादमा परेको हो।

तर सरकारले चुनावी वाचाअनुसार नै प्रतिवेदन स्वीकार गरेर कार्यान्वयन गर्ने निर्णय गऱ्यो। राज्यको कारबाही एकपक्षीय भयो भन्ने दोष मेटाउनकै लागि भनेजसरी सरकारले भदौ २४ को घटनाको पुनः छानबिन गराउने निर्णय गरेको देखिन्छ। कारण, भदौ २४ को विध्वंसका सन्दिग्धहरू अहिलेको सत्तासँग निकट रहेको सन्देह यतिबेलै गरिएको थियो। जेहोस्, प्रतिवेदन कार्यान्वयनका नाममा ओली र लेखकलाई पक्रेर थुनामा राख्न सरकारले अहिले देखाएको हतारलाई नै आधार बनाएर सरकारको नियतमाथि तत्काल शङ्का गरिहाल्ने अवस्था भने बनिसकेको छैन। ठूलो बहुमत पाएको सरकारलाई शंकाको सुविधा नदिनु न्यायोचित हुँदैन। यत्ति हो सरकारसँग शक्ति पनि धेरै हुनाले उही बढी संयमित हुनुपर्छ।

सरकारलाई केही गरेको देखाउन हतार हुनु स्वाभाविकै हो। त्यही क्रममा शासकीय सुधारका घोषणाहरूसँगै सबैको ध्यानाकर्षणका लागि पूर्वप्रधानमन्त्रीलाई पक्रेर थुन्न हतार गरेको हुनुपर्छ। तर, कानुनी प्रक्रिया प्रारम्भ भएकाले सरकारी अधिकारीहरूले पनि कानुन हातमा लिने वा मातहतका निकायलाई दबाब दिने काम गर्नु विधिको शासनविपरीत हुन्छ। सरकारको कारबाहीविरुद्ध नेकपा (एमाले)ले सडकमा विरोध प्रदर्शन सुरु गरेको छ। नेपाली कांग्रेसले पनि 'चयनात्मक कारबाही' भएको ठहर गरी पक्राउको विरोध गरेको छ। नागरिक समाजबाट पनि सरकारी शैलीको आलोचना हुनथालेको देखिन्छ। यस अवस्थामा सरकारले विधिको शासनको मर्यादा पूर्णरूपमा राख्ने प्रतिबद्धता व्यवहारमै देखाउनुपर्छ।

कुनै पनि कारणले द्वन्द्व सुरु भए देशले नयाँ सरकारसँगै स्थिरता पनि पाउने जनअपेक्षा कुण्ठित हुनेछ। अर्थात्, एमाले, कांग्रेसलगायतका पुराना राजनीतिक दलहरू विरोधमा उत्रे भने देश पुनः अस्थिरताको भासमा फस्न सक्छ। यसैले अहिले सरकारका साथै अरू राजनीतिक शक्तिहरूले पनि संयम गुमाउनु हुँदैन। न्यायिक प्रक्रियामा कसैले पनि दबाब नदिऊन् !

*तीन दिनभित्र ...*

नपाउँदा आउँदो शैक्षिक सत्र नै प्रभावित हुने उल्लेख गरिएको छ। तलब रोकिँदा जीविका धान्न, छोराछोरीको शुल्क र बैंकको ऋणको ब्याज तिर्न समेत समस्या भईरहेको ज्ञापनपत्रमा लेखिएको छ।

नगरक्षेत्रभित्र ५९ सामुदायिक विद्यालयका करिव ५ सय शिक्षक कर्मचारीले पछिल्लो ४ महिनादेखि तलव पाएका छैनन्। केही दिनअघि नगरपालिकाका कर्मचारीहरुले पनि खाता सञ्चालनको माग गर्दै ज्ञापनपत्र बुझाएका थिए। नगरपालिकाको खाता रोक्का भएकाले यहाँका प्रशासन, स्वास्थ्य र अन्य करिव ३ सय कर्मचारी पनि नियमित तलव सुविधाबाट वञ्चित भएका छन्। यहाँ प्रमुख प्रशासकीय अधिकृत जयकान्त झा छन्। झालाई केही दिन अगाडि मन्त्रालयले सरुवा गरेर खिम भुजेललाई पठाएको थियो। अनिवार्य अवकास हुन ६ महिना भन्दा कम भएकोले सरुवा नियम संगत नभएको भन्दै झाले सामान्य मन्त्रालयलाई विपक्षी बनाएर प्रशासकीय अदालतमा मुद्दा दायर गरेका थिए। प्रशासकीय अदालतले फागुन ११ गतेको सरुवालाई यथास्थितिमा राख्न निर्णय गरेका छन।

झालाई मन्त्रालयले मंसिर २१ गते निर्णय गरेर पुस २० गते सरुवा गरेका थिए। त्यसपछि माघ २९ गते अधिकृत झाले प्रशासकीय अदालत मुद्दा दर्ता गरेका थिए।

# २१औँ शताब्दीको भूराजनीतिक मोडमा नेपाल

**बलराम बास्कोटा**

२१औँ शताब्दीको तेस्रो दशकमा विश्व व्यवस्था अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ। सोभियत संघको विघटनपछि स्थापित एक ध्रुवीय विश्वको अवस्था र व्यवस्था क्रमशः कमजोर हुँदै गएको छ भने 'ग्लोबल साउथ' का राष्ट्रहरूको उदयले बहु ध्रुवीयताको नयाँ स्वरूपलाई जन्म दिएको छ। यसै सन्दर्भमा, नेपालमा भर्खरै सम्पन्न निर्वाचन पछिको नेपालको आन्तरिक राजनीतिक परिदृश्य र बाह्य सम्बन्धले नयाँ आयाम सिर्जना गरेको छ। हिमालदेखि तराईसम्म सात प्रदेशमा फैलिएको यो भूपरिवेष्टित राष्ट्र नेपालका लागि कूटनीतिक चातुर्यता अहिलेको प्रमुख आवश्यकता हो।

यस आलेखमा नेपालको वामपन्थी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, ०८२ को निर्वाचनको सन्देश, भू-राजनीतिक जटिलता, संघीयताको वर्तमान अवस्था र भविष्यको बाटोका बारेमा विश्लेषण गर्ने प्रयास गरिनेछ।

**नेपाली समाजको रूपान्तरण**

नेपालको राजनीतिक इतिहासलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले हेर्दा, यहाँका हरेक परिवर्तन उत्पादनका साधनमाथिको नियन्त्रण र सामाजिक सम्बन्धको टकरावबाट निर्देशित छन्। ००७ सालको राणा विरोधी आन्दोलन, ०३६ र ०४६ सालको जनआन्दोलन, ०५२ सालको जनयुद्ध र ०६२/०६३ को दोस्रो जनआन्दोलनले नेपाली समाजलाई सामन्तवादको जालोबाट मुक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्यायो। तर, समाजवादको यात्रा अपूर्ण रह्यो। संविधानमा उल्लेखित 'समाजवाद उन्मुख' राज्यको अवधारणालाई व्यवहारमा उतार्ने प्रश्नमा राजनीतिक जटिलताको हाउगुजी सिर्जना गरियो। वाम तथा लोकतन्त्रवादी शक्तिहरू यसबाट मुक्त हुन सकेनन्।

वर्तमान नेपाली समाज दलाल पुँजीवाद, रेमिट्यान्समा आधारित अर्थतन्त्र र राज्यसँगको अस्पष्ट सम्बन्धको संक्रमणकालमै रह्यो। लेनिनको भनाइ, 'क्रान्तिकारी सिद्धान्त बिना क्रान्तिकारी आन्दोलन सम्भव छैन' भन्ने उक्तिलाई बाम राजनैतिक नेताहरूले हृदयांगम गर्न सकेनन् वा चाहेनन्। यसर्थ नेपालका वामपन्थी पार्टीहरू दलाल पुँजीको चक्रब्युहबाट उम्कन सकेनन्। नेपालका वामपन्थी शक्तिहरू संसदीय अभ्यासलाई नै अन्तिम लक्ष्य मान्ने कि यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधनका रूपमा लिएर समाजवाद निर्माणको गन्तव्य तिर अघि बढ्ने भन्नेमा भ्रमित भइरहे। यसका लागि उत्पादनका साधनमाथिको नियन्त्रण, राज्यको भूमिका र तिन खम्बे अर्थतन्त्रको विकास जस्ता संरचनागत विषयमा स्पष्ट धारणा राख्न चाहेनन् र सकेनन्। फलतः ०८२ को निर्वाचनमा लज्जाजनक पराजय भोग्नु पऱ्यो।

हालै सम्पन्न निर्वाचनका नतिजाहरूले नेपाली मतदाताको मनोविज्ञानमा आएको आवेग, आक्रोश र परिवर्तनलाई संकेत गर्छ। परम्परागत राजनीतिक शक्तिहरूले यस आवेगलाई विवेकको साँचोमा ढाल्न नसक्नुले र नयाँ उदय भएका वा गराइएका शक्तिहरूले संसदमा करिब दुईतिहाई मत ल्याए। जनता अब केवल 'आश्वासन' होइन, 'डेलिभरी' चाहन्छन् भन्ने कुरा अब वाम राजनैतिक शक्तिले बुझ्नै पर्छ।

**पुस्तान्तरण र जेनजीको भूमिका**

यस पटकको निर्वाचनमा युवा मतदाता, विशेषगरी डिजिटल प्रविधिमा अभ्यस्त पुस्ताको भूमिका निर्णायक देखियो। सामाजिक सञ्जाल केवल सूचनाको माध्यम मात्र रहेन, यो राजनीतिक एजेन्डा सेट गर्ने र जनमत निर्माण गर्ने प्रमुख थलो बन्यो। रोजगारी, डिजिटल पूर्वाधार, शिक्षा सुधार र जलवायु परिवर्तन जस्ता विषयहरू युवा मतदाताका प्राथमिकतामा परे भन्ने कुरा नेतृत्वलाई पटक्कै महसुस भएन। चुनावी घोषणापत्रहरूमा देखाउन खोजेको लोकप्रियतावादका बाबजुद सचेत नागरिकले दीर्घकालीन आर्थिक योजना र राष्ट्रिय स्वाधीनताका मुद्दालाई प्राथमिकता दिए।

जातीय, भौगोलिक र सामाजिक विभाजनको राजनीति गर्ने दलहरूले अपेक्षित सफलता पाउन नसक्नुले पनि मतदाताको चाहना स्पष्ट रूपमा झल्काउँछ।

**भू-राजनीतिक जटिलता**

नेपालको अवस्थिति दुई विशाल छिमेकीहरूबिच मात्र सीमित छैन। अमेरिकाको 'इन्डो-प्यासिफिक रणनीति' को रणनीतिक संगमस्थल पनि बनेको छ। यस्तो अवस्थामा नेपालको तटस्थता र राष्ट्रिय हितको रक्षा कसरी गर्ने ? भन्ने ठूलो चुनौती हो। नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर दुवै छिमेकी चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ। कृषि विकास, जलस्रोत र कनेक्टिभिटीमा छिमेकीहरूको सहयोग लिँदै गर्दा आफ्नो सार्वभौमिकतामा आँच आउन दिनु हुँदैन। यसका लागि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाको चयन, ऋण व्यवस्थापन र कार्यान्वयनमा पारदर्शी र राष्ट्रिय हित केन्द्रित संस्थागत संयन्त्र आवश्यक छ।

स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) लाई कुनै पनि हालतमा स्विकार्नु हुँदैन। भारतसँगको खुला सीमा, लिपुलेकको सन्दर्भ, जलस्रोत सम्झौता र ऊर्जा व्यापारमा पनि नेपालको वार्ता क्षमता बलियो बनाउनु अनिवार्य छ।

**अन्तर्राष्ट्रिय ऐक्यबद्धता**

साम्राज्यवादी हस्तक्षेपका विरुद्ध भेनेजुएलाको संघर्ष र प्यालेस्टाइनको आत्मनिर्णयको अधिकारजस्ता विषयमा नेपाल जस्तो असंलग्न राष्ट्रको स्पष्ट अडान हुन जरुरी छ। यसले विश्व मञ्चमा नेपालको नैतिक साख बढाउने मात्र होइन, संयुक्त राष्ट्र संघजस्ता बहुपक्षीय मञ्चहरूमा नेपालको प्रभावकारी उपस्थितिलाई समेत सहयोग पुऱ्याउँछ। तर, यस्ता अडानहरूलाई द्विपक्षीय सम्बन्धसँग सन्तुलन गर्ने कूटनीतिक चातुर्यता पनि उत्तिकै महत्वपूर्ण छ। विगतमा संयुक्त राष्ट्रसंघमा यूक्रेनको पक्ष लिएको घटना र इरानी नागरिकको 'अन अराइभल भिषा' नदिने नेपाल सरकारको निर्णय असम्लग्न परराष्ट्र नीति अनुकुल छैन्।

**५. संघीयता र स्थानीय सरकारः सुशासनको आधार**

संविधानले परिकल्पना गरेको संघीयताको सफल कार्यान्वयन नै नेपालको विकासको साँचो हो। तर, केन्द्रिकृत मानसिकता, स्रोतको बाँडफाँडमा देखिएको अन्योल र क्षमता निर्माणको अभावले संघीयतामाथि नै प्रश्न उठ्ने गरेको छ। स्थानीय सरकारलाई बलियो र आत्मनिर्भर बनाउन आवश्यक छ।

आर्थिक आत्मनिर्भरता, कृषिमा आधुनिकीकरण, स्थानीय स्रोतको अधिकतम उपयोग र सहकारीहरूको संस्थागत विकास यसका मुख्य आधार हुन्। वामपन्थी दृष्टिकोणबाट हेर्दा, सहकारी र सामूहिक खेतीको अवधारणालाई स्थानीय तहबाटै प्रोत्साहन गरिनु पर्दछ। भूमि ब्यबस्थापन, कृषि ऋणको सहज पहुँच, प्रत्येक कृषि उपजको समर्थन मूल्य घोषणा, बजारमा समानुपातिक पहुँच सुनिश्चित गर्न सकियो भने मात्र यो सम्भव छ। यसले एकातिर बेरोजगारी अन्त्य गर्छ भने अर्कोतिर देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउँछ। जवाफदेहिताको ढाँचा स्पष्ट हुनुपर्छ। संघीयताको सफलताकालागि यो संरचनागत पक्ष सबैभन्दा महत्वपूर्ण छ।

**प्रविधि र सामाजिक परिचालन**

डिजिटल युगमा 'प्रोपागान्डा' को प्रतिकार गर्न र आधारभूत तहका मानिसहरूको आवाजलाई मूलधारमा ल्याउन प्रविधिको प्रयोग अपरिहार्य छ। निर्वाचन अभियानहरूमा देखिएको सामाजिक सञ्जालको प्रभावलाई अब नीति निर्माण र जनचेतनाका लागि प्रयोग गरिनुपर्छ। तर, यसका लागि केवल प्रविधिको प्रयोग मात्र पर्याप्त छैन। डिजिटल पूर्वाधारलाई सार्वजनिक सेवाको रूपमा स्थापित गर्ने, सञ्चार माध्यमको सार्वजनिक स्वामित्व र सूचनाको अधिकारको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरू पनि वामपन्थी राजनीतिको अनिवार्य एजेन्डा हुनुपर्छ।

यसका साथै नेपालका बामपन्थीहरुले उठाउनु पर्ने महत्वपूर्ण विषय राष्ट्को डेटा सुरक्षा हो। वर्तमान सरकारले डिजिटल कार्यव्यवहारलाई प्राथमिकतामा राखेसँगै डिजिटल सुरक्षाको राष्ट्रिय रणनीति र क्षमता के हो भन्नेबारेमा पनि त्यति नै चनाखोगरी अभियान र खबरदारी गर्नु पर्नेछ।

**वैचारिक जागरणको सान्दर्भिकता**

गत बर्ष फेब्रुअरी २१ मा मनाइएको 'रेड बुक डे' ले वैचारिक जागरणमा एउटा महत्वपूर्ण सन्देश दिएको छ। पुस्तक र विचार अझै पनि परिवर्तनका शक्तिशाली हतियार हुन्। त्यसैले आम जनसमुदायलाई मार्क्सवादी विचारबाट प्रशिक्षित गराइनु पर्छ। मार्क्सवाद जस्ताको तस्तै नक्कल गर्नु भन्दा पनि 'ठोस परिस्थितिको ठोस विश्लेषण' गर्दै त्यसलाई नेपाली परिवेशमा विकास गर्दै कार्यान्वयन गर्नु आवश्यक छ। यसका लागि नेपाली समाजको वर्तमान वर्ग संरचना, राज्यको स्वरूप, विश्व पुँजीवादको प्रकृति र नेपाली विशिष्टतामा आधारित सैद्धान्तिक वैचारिक आधार निर्माणको आवश्यकता छ।

**आगामी बाटे**

नेपाल अहिले निर्णायक मोडमा उभिएको छ। ०८२ को निर्वाचनले दिएको जनादेशलाई कदर गर्नुको विकल्प छैन। राजनीतिक दलहरूले अबको समय आर्थिक समृद्धि र सामाजिक न्यायमा केन्द्रित गर्नुपर्छ। केपी ओली र रमेश लेखकको गिरफ्तारीले प्रतिशोधको राजनीति सत्तापक्षले अंगिकार गरेको हो कि ? भन्ने आशंका जन्माएको छ।

अहंकार र दम्भले हामीलाई यो ठाउँसम्म ल्याएको हो। प्रतिशोध भन्दा राष्ट्रिय सवालमा सहमती र सहकार्यको नीति अबलम्बन गरिनु पर्छ। यसका लागि निम्न दिशाहरूमा ध्यान दिन आवश्यक छ। पहिलो, आर्थिक एजेन्डा। दलाल पुँजीवादको घेरा तोडेर राष्ट्रिय पुँजीको विकास गर्ने, उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने र रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई उत्पादनमूलक अर्थतन्त्रमा रूपान्तरण गर्ने। दोस्रो, कूटनीतिक अडान। कुनै पनि सैन्य ब्लकमा सहभागी नभई 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता' को नीतिलाई दृढतापूर्वक पालना गर्ने। तर, यो नीतिलाई व्यवहारमा उतार्नका लागि संस्थागत कूटनीतिक क्षमताको विकास, वार्ताको सीप र राष्ट्रिय हितको स्पष्ट परिभाषा आवश्यक छ।

तेस्रो, युवा नेतृत्व। युवाहरूको ऊर्जा र पुरानाको अनुभवलाई संयोजन गर्दै नयाँ कार्यदिशा तय गर्ने। राजनीतिक दलहरूभित्र पुस्ता हस्तान्तरणको स्पष्ट संस्थागत प्रक्रिया, नीति निर्माणमा युवाको सहभागिताको ढाँचा र नेतृत्व विकासका कार्यक्रमहरू यसका लागि आवश्यक छन्। चौथो, वैचारिक स्पष्टता। संसदीय अभ्यासलाई मात्र अन्तिम लक्ष्य नठानी यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधन बनाउने। यसका लागि सैद्धान्तिक अध्ययन तथ्यमा आधारित विश्लेषण र जनताको आधारभूत तहको आवश्यकतासँग जोडिने क्षमताको विकास गर्नुपर्छ।

नेपालको समाजवादतर्फको यात्रा कठिन छ, तर असम्भव छैन। विचारको स्पष्टता, संगठनको सुदृढीकरण, संस्थागत क्षमताका विकासले गन्तव्यमा पुग्न सकिन्छ। रातोपाटीबाट

# सरकारले ल्यायो शासकीय सुधारको कार्ययोजना

काठमाडौं, १५ चैत्र। सरकारले शासकीय सुधारसम्बन्धी १०० कार्ययोजना सार्वजनिक गरेको छ। बालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्को अस्ति शुक्रबार बसेको पहिलो बैठकले स्वीकृत गरेको कार्ययोजनामा प्रशासनिक सुधार, पुनः संरचना र मितव्ययितादेखि सार्वजनिक सेवा प्रवाह, डिजिटल शासन, सुशासन, लगानी, राजश्व सुधार, स्वास्थ्य, शिक्षा, कृषि, सामाजिक सुरक्षासम्बन्धी १२ शीर्षकका विषय निर्धारण गरिएका छन्।

कार्ययोजनामा २४ भदौको घटनाको सत्यतथ्य छानबिन गर्न एक हप्ताभित्र उच्चस्तरीय छानबिन समिति गठन गर्ने भनिएको छ। जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा व्यक्ति तथा पक्षमाथि प्रचलित कानुनबमोजिम आवश्यक अनुसन्धान, कारबाही र अभियोजन प्रक्रिया तत्काल अघि बढाउने कार्ययोजनामा उल्लेख छ।

यस्तै सरकारले भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न १५ दिनभित्र अधिकार सम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने भएको छ। पहिलो चरणमा २०६२/६३ देखि हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण तथा छानबिन गर्ने भनिएको छ। २०४८ देखि २०६२/६३ सम्मका हकमा दोस्रो चरणमा छानबिन गर्ने कार्ययोजनामा उल्लेख छ।

यस्तै, 'संविधान संशोधन बहसपत्र' तयार गर्न एक सातामा कार्यदल गठन गर्ने, निर्वाचनमा सहभागी सबै दलका घोषणापत्र र वाचापत्रमा समावेश कार्यान्वयन योग्य विषय संश्लेषण गरी 'राष्ट्रिय प्रतिबद्धता' तयार गरेर सरकारले स्वामित्व लिने कार्ययोजनामा उल्लेख छ। सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्रको पुनः संरचना योजना ३० दिनभित्र तयार गरेर कार्यान्वयनमा ल्याउने भनिएको छ।

यस्तै, दुई महिनाभित्र विद्यालय र विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठनको संरचना हटाउने कार्ययोजनामा उल्लेख छ। दलीय विद्यार्थी संगठनको साटो ९० दिनभित्र विद्यार्थी काउन्सिल र 'भ्वाइस अफ स्टुडेन्ट' संयन्त्र विकास गर्ने उल्लेख छ। स्नातक तहसम्म अध्ययन गर्न नागरिकता नचाहिने व्यवस्था गर्ने, स्नातक र स्नातकोत्तर तहको परीक्षाको नतिजा शिक्षा मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डरअनुसार निकाल्ने भनिएको छ। कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा लिन रोक लगाउने कार्ययोजनामा उल्लेख छ।

यस्तै, सरकारी र निजी अस्पतालमा १० प्रतिशत बेड निःशुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिने भनिएको छ। स्वास्थ्य संस्थामा निःशुल्क सेवा उपलब्धता, लाभग्राही विवरण तथा सेवा उपयोगको रियल टाइम अनुगमन गर्न 'फ्रि हेल्थ पोर्टल' विकास गरी ३० दिनभित्र देशभर लागू गरिने भएको छ। स्वास्थ्य सूचना प्रणाली विकास गरी तीन महिनाभित्र लागू गरिने र यसमा बिरामीको इतिहास, पुनः सेवा, फलोअप र बिरामीको अभिलेख डिजिटल र एकीकृत गरिने उल्लेख छ। धेरै अस्पतालमा ३० दिनभित्र 'वर्न वार्ड' स्थापना गर्ने प्रक्रिया थाल्ने सरकारले भनेको छ। जलनका बिरामीलाई सहुलियतमा उपचार गर्ने व्यवस्था मिलाउने घोषणा गरिएको छ।

सहकारीका साना बचतकर्ताहरूको बचत फिर्ताको प्रक्रिया १०० दिनभित्रै सुरु गर्ने उल्लेख छ। त्यस्तै महिलाहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न सातवटै प्रदेशमा ब्लु बस सेवा सञ्चालन गर्ने कार्ययोजनामा उल्लेख छ। पश्चिम एसियाका देशहरूमा विकसित हुँदै गएको परिस्थितिका कारण नेपालमा पर्न सक्ने आर्थिक, वैदेशिक, रोजगारी, आपूर्ति शृंखला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्ने प्रभाव मूल्यांकन र व्यवस्थापनका लागि उच्चस्तरीय कार्यदल गठन हुने भएको छ।

नागरिकले एउटै डिजिटल प्लेटफर्ममार्फत सबै सेवा सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने सरकारले प्रतिबद्धता जनाएको छ। सरकारी एप र पोर्टलहरू अपांगता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउन सक्ने गरी १०० दिनभित्र सरल बनाउने सरकारको घोषणा छ। सरकारी सेवालाई घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी विकास गर्ने सरकारको योजना छ। पासपोर्ट, नागरिकता, लाइसेन्सलगायत सरकारी कागजात घरमै पुर्याउने व्यवस्था एक सय दिनभित्र लागू गर्ने घोषणा गरिएको छ। नागरिक, राहदानी सेवा जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था लागू गर्ने, वडा तहबाट डिजिटल सिफारिस प्रणाली लागू गर्ने घोषणा गरिएको छ।

हेलो सरकार संयन्त्रलाई स्तरोन्नति गरी नागरिक संवादको प्लेटफर्मका रूपमा विकास गर्ने र एकीकृत ड्यास बोर्डमार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गरी गुनासो समाधान र प्रगतिमा अनुगमन गर्ने व्यवस्था मिलाउने भनिएको छ। नागरिकको गुनासो सुन्न राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्था प्रणाली सञ्चालन गर्ने सरकारको योजना छ। सार्वजनिक प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त बनाउने उद्देश्यले निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सबै राष्ट्रसेवकको कुनै पनि दल वा समूहसँग आबद्धता मुक्त गराउने पनि उल्लेख छ। नागरिक सेवा केन्द्रहरू स्थापना गरी त्यसलाई दिनमा १२ घन्टासम्म सञ्चालन गर्ने सरकारको योजना छ।

लामो समयदेखि नागरिकलाई दैनिक सास्ती दिइरहेका प्रमुख सडक तथा यातायात पूर्वाधार आयोजना समयमा पूरा नहुने समस्या समाधान गर्न तत्कालै आयोजना निगरानी कार्यतालिका कार्यान्वयन गर्ने सरकारले जनाएको छ। आयोजना छनोटदेखि भुक्तानीसम्म हुने अनियमितता, भेरिएसन आदेशको दुरुपयोग र ढिलाइ हुने समस्या समाधान गर्न ९० दिनभित्र डाटा बेस प्रणाली विकास गरी लागू गर्ने निर्णय सरकारले गरेको छ।

सार्वजनिक खरिद प्रक्रियामा हुने ढिलासुस्ती, लागत वृद्धि, गुणस्तरहीन कार्य तथा भ्रष्टाचार नियन्त्रण गर्न ३० दिनभित्र सार्वजनिक खरिद ऐन संशोधन गर्ने सरकारले जनाएको छ। सदाचारिता, प्रवर्द्धन, सूचनादाताको संरक्षण र स्वार्थको द्वन्द्व व्यवस्थाका लागि ३० दिनभित्र सदाचार नीति जारी गर्ने र कानुन तर्जुमा तथा संशोधन प्रक्रिया अघि बढाउने कार्ययोजनामा उल्लेख छ। सुशासन प्रवर्द्धन भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई ३० दिनभित्र पुनः संरचना गर्ने भनिएको छ।

सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण रोक्न डिजिटल अभिलेख तयार गर्ने कार्यसूचीमा उल्लेख छ। सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक तर्जुमा गर्ने, सट्टेबाजी एप र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने निर्णय भएको छ।

# सप्तरीमा ११औँ दिनाभद्री जन्मोत्सव मनाइयो

**देवराम यादव**

सप्तरी, १५ चैत्र। नेपाल राष्ट्रिय मुसहर संघ, जिल्ला समिति सप्तरीको आयोजनामा ११औँ दिनाभद्री जन्मोत्सव आइतवार विभिन्न कार्यक्रम गरी मनाइएको छ। राजविराजमा वृहत् र्‍याली प्रदर्शन गर्दै मुसहर समुदायमाथि हुने विभेद अन्त्य गर्नुपर्ने माग गरिएको हो। प्रदर्शनमा सहभागीहरूले समुदाय अझै पनि आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक रूपमा पछाडि परेको उल्लेख गर्दै राज्यको ध्यानाकर्षण गराएका थिए। संघले गरिबी, अशिक्षा, भूमिहीनता तथा अवसरको अभावका कारण मुसहर समुदाय समस्यामा परिरहेको जनाइएको छ।

यसैबीच, जन्मोत्सव कार्यक्रम राजविराज नगरपालिका–५ बलानन्द टोल र वडा २ योगिया बस्तीमा तीन दिनसम्म विभिन्न कार्यक्रमसहित मनाइने जानकारी दिइएको छ। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, पत्रकार तथा समुदायका अगुवाहरूको सहभागिता रहने जनाइएको छ। संघले १८ बुँदे मागअघि सार्दै निःशुल्क तथा गुणस्तरीय शिक्षा, युवालाई रोजगारीको सुनिश्चितता, सुरक्षित आवास व्यवस्था तथा सुकुम्बासीलाई लालपुर्जा उपलब्ध गराउनुपर्ने माग गरेको छ। साथै, स्वास्थ्य सेवा तथा बीमाको पहुँच विस्तार र मुसहर आयोग गठनको मागसमेत गरिएको छ।

त्यसैगरी, वैदेशिक रोजगारी प्रक्रियालाई सरल, सुलभ र पारदर्शी बनाउनुपर्ने, सीपमूलक तालिमको पहुँच बढाउनुपर्ने, नागरिकता सम्बन्धी समस्या समाधान गर्नुपर्ने तथा प्राविधिक शिक्षामा समान अवसर सुनिश्चित गर्नुपर्ने माग पनि राखिएको छ। र्‍यालीमा सहभागीहरुले बेरोजगार युवालाई भत्ता वा रोजगारीको व्यवस्था गर्नुपर्ने, ५० वर्षमाथिका मुसहर नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्ने तथा दिनाभद्री मन्दिरलगायत धार्मिक स्थलहरूको संरक्षण र विकास गर्नुपर्ने माग गरिएको छ संघले आफ्ना मागहरू सम्बोधन नभए थप सशक्त आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएको छ।

# गंगासागर क्षेत्रबाट अतिक्रमित संरचना हटाउने अभियान तीव्र

जनकपुरधाम, १५ चैत्र। मधेश प्रदेश सरकारको सक्रियतासँगै जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको गंगासागर पोखरी क्षेत्रबाट अतिक्रमण हटाउने अभियान तीव्र पारिएको छ। गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको पहलमा आइतबार पोखरी आसपासका अवैध संरचना हटाउन डोजर प्रयोग गरिएको हो। जनकपुरधाम उपमहानगरपालिका र जनकपुरधाम उद्योग वाणिज्य संघको सहकार्यमा सञ्चालन गरिएको उक्त अभियानले लामो समयदेखि विवादमा रहेको गंगासागर क्षेत्रलाई पुनः व्यवस्थित गर्ने लक्ष्य लिएको जनाइएको छ। स्थानीय प्रशासन, प्रहरी तथा नगर प्रहरीको उपस्थितिमा अतिक्रमित संरचना हटाइँदा केही स्थानमा सामान्य तनावसमेत देखिएको थियो।

गृहमन्त्री महतोले गंगासागर पोखरीको संरक्षण धार्मिक आस्थासँग मात्र नभई ऐतिहासिक पहिचान र पर्यटन प्रवर्धनसँग जोडिएको विषय भएको उल्लेख गर्नुभयो। उहाँले प्रदेश सरकार सार्वजनिक सम्पत्तिको संरक्षणमा कठोर ढङ्गले प्रस्तुत हुने स्पष्ट पार्दै आवश्यक परे अन्य क्षेत्रमा पनि यस्तै अभियान सञ्चालन गरिने बताउनुभयो। स्थानीयवासीले वर्षौँदेखि अतिक्रमणका कारण पोखरी क्षेत्र साँघुरिँदै गएको गुनासो गर्दै आएका थिए। पछिल्लो कदमलाई धेरैले सकारात्मक रूपमा लिएका छन् भने केही व्यवसायीले भने वैकल्पिक व्यवस्थाबिना नै हटाइएको भन्दै असन्तुष्टि जनाएका छन्।

# मासुमा हावा र पानी भरेर बिक्री

**जनार्जन खत्री**

सर्लाही, १५ चैत्र। सर्लाही सदरमुकाम मलंगवा बजारका मासु पसलबाट उपभोक्तामाथि चरम ठगी हुने गरेको पाइएको छ। मलङ्गवा नगरपालिका ९ का वडाध्यक्ष चन्देश्वर रायको नेतृत्वमा शनिबार बजारका मासु पसलको अनुगमन गर्दा मासुको तौल बढाउन हावा र पानी भरेर बिक्री गर्नेसम्मका लापरवाही भेटिएको हो। उपभोक्ताबाट व्यापक गुनासो आएपछि बजारमा खसी र कुखुरा बध गरेर बिक्री गर्ने एक दर्जन मासु पसलको अनुगमन गरिएको वडाध्यक्ष रायले बताउनुभयो।

अनुगमन गरिएका प्रत्येकजसो मासु पसलबाट साइकलमा हावा भर्ने पम्प र पाइप लगाएर पानी भर्ने उपकरण बरामद भएका वडाध्यक्ष रायले जानकारी दिनुभयो। "मासु पसलमा उपभोक्तालाई ठगी गर्न यतिसम्मको गतिविधि हुन्छ भन्ने कल्पना गरेका थिएनौँ," वडाध्यक्ष रायले भन्नुभयो, "पहिलो पटक सबै पसल सञ्चालकलाई सचेत गराउने काम गरेका छौँ।"

जथाभाबी मुल्य लिने गरेकोसहित उपभोक्ताबाट विभिन्न प्रकारका गुनासो आएपछि यसअघि पत्र काटेर सचेत गराउँदा मासु पसल सञ्चालकले बेवास्ता गरेको वडाध्यक्ष रायको भनाइ छ। हावा र पानी भरेर मासु बेच्ने गरेको भेटिएपछि मासु पसल सञ्चालकलाई सामूहिक रूपमा राखेर सचेत गराउन आइतबार बिहान वडा कार्यालयमा छलफलका लागि बोलाइए पनि उनीहरू सहभागी भएनन्। प्रहरीसमेतको सहयोगमा मासु पसलको अनुगमन गर्दा सरसफाइमा ध्यान नदिएको पाइएको वडाध्यक्ष रायले बताउनुहुन्छ।

मलङ्गवा बजारमा खसीको मासुको मुल्य प्रतिकेजी एक हजार रुपियाँ निर्धारण गरिएको छ। उपभोक्ताले भने प्रतिकेजी एघार सयदेखि बाह्र सयसम्म तिर्नुपरेको गुनासो गरेका छन्। वडाध्यक्ष रायले भन्नुभयो, "मासु पसलमा तौल र मूल्यमा पनि उपभोक्ता ठगरिएको गुनासो हामी कहाँ आएका छन्।" सर्लाहीमा सदरमुकाम मलंगवासहित अन्य बजारमा मासु पसलको अनुगमन बिरलै हुने गरेको छ। जथाभाबी वध गर्ने र अस्वस्थकर माछा, मासुको खुलेयाम बिक्री हुने गरेको गुनासो उपभोक्ताले गर्ने गरेका छन्।

# सात महिनामा वीरगञ्जबाट ६६ अर्ब ४८ करोडको निर्यात

वीरगञ्ज, १५ चैत्र। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रू ६६ अर्ब ४८ करोड मूल्य बराबरका सामान निर्यात भएको छ। गत आवको सोही अवधिका तुलनामा चालु आवको सोही अवधिमा भने यो नाकाबाट रु नौ अर्ब ९४ करोड बढीको निर्यात भएको छ। गत आवको सात महिनामा भने रू ५६ अर्ब ५४ करोड मूल्य बराबरका वस्तु तथा समान विदेशी मुलुक निर्यात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने निर्यातमा सुधारोन्मुख रहेको बताए। चालु आवको सात महिनामा रु ३५ अर्ब ५८ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ। रू चार अर्ब ९७ करोड मूल्य पर्ने फलफूलको जस निर्यात भएको छ। रू चार अर्ब ५८ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ। रू तीन अर्ब ७७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ भने रू दुई अर्ब ३३ करोड मूल्य पर्ने विभिन्न किसिमका कपडा निर्यात भएको छ। रू एक अर्ब ५८ करोड मूल्य पर्ने सिन्थेटिक थार्न निर्यात भएको छ।

चालु आवको पाँच महिनामा रू पाँच खर्ब ९५ अर्ब ४६ करोड मूल्यका वस्तु तथा सामान भित्रिएको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा रू ५८ अर्ब ९१ करोड अर्थात् ११ प्रतिशत बढी सामान भित्रिएको छ। गत आवको सात महिनामा भने रू पाँच अर्ब ३६ करोड ५५ करोड मूल्यपर्ने वस्तु तथा सामान यो नाका हुँदै भित्रिएको थियो।

# प्रदेशलाई अधिकार सम्पन्न र संघीयता बलियो बनाउने अपेक्षा

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १५ चैत्र। मधेश प्रदेश सभा सदस्यहरूले प्रदेशलाई अधिकार सम्पन्न र बलियो संघीयता निर्माण गर्न नवगठित सरकारसँग उच्च अपेक्षा व्यक्त गरेका छन्। मधेश प्रदेश सभाको आइतबार बसेको छैटौं अधिवेशनको १४औं बैठकमा बोल्दै सांसदहरूले संघीयतालाई संस्थागत गर्दै प्रदेशको अधिकार सुनिश्चित गर्न सबै दल एकजुट हुनुपर्नेमा जोड दिएका हुन्।

सभाको बैठकमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउन वर्तमान सरकारलाई एमालेको साथ रहने बताउँदै प्रतिशोधपूर्ण राजनीति नगर्न र कानुनअनुसार अघि बढ्न सरकारलाई सुझाव समेत दिनुभयो। साथै उहाँले वर्तमान सरकारले मधेशलाई उपेक्षा गरेको आरोप समेत लगाउनुभयो। उहाँले अन्य प्रदेशको तुलनामा मधेशबाट बढी जनमत प्राप्त भएकाले सोहीअनुसार प्राथमिकता दिनुपर्ने बताउनुभयो।

यस्तै प्रदेश सभा सदस्य जयनुल राईनले प्रदेशलाई अधिकार सम्पन्न बनाउन नयाँ सरकार गम्भीर भएर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले बहुवर्षीय योजनाहरु अलपत्र परेको उल्लेख गर्दै ती योजनाहरू शीघ्र सम्पन्न गर्न माग समेत गर्नुभयो।

यस्तै प्रदेश सभा सदस्य चन्दनकुमार सिंहले संघीयतालाई बलियो बनाउँदै प्रदेशको पहिचानलाई स्थायित्व दिनुपर्ने धारणा राख्नुभयो। त्यस्तै प्रदेश सांसद जिवछी कुमारी यादवले दुई तिहाइको सरकार बनेको सन्दर्भ उल्लेख गर्दै मधेशमा दाइजो प्रथाका कारण महिलामाथि हुने हिंसा अन्त्य हुनुपर्ने र महिलाले सुरक्षित अनुभूति गर्न पाउनुपर्नेमा जोड दिनुभयो। सांसद ललिता दासले नवगठित सरकारले मधेशी दलित समुदायलाई समुचित स्थान दिनुपर्ने बताउनुभयो। उहाँले मधेशबाट मत लिएर पनि मधेशी दलितलाई अवसर नदिइएकोप्रति असन्तुष्टि व्यक्त गर्दै नगठित सरकारलाई आवेगमा प्रतिक्रिया नदिन सुझाव समेत दिनुभयो।

यसैगरी, सांसद कौशल रायले जनअपेक्षा अनुसार काम नहुँदा वर्तमान परिवर्तन आएको उल्लेख गर्दै विगतका अधुरा योजनाहरू पूरा गर्न सरकारलाई आग्रह गर्नुभयो। प्रदेश सांसदहरुको प्रदेश स्थापनाको आठ वर्ष पुग्दा पनि प्रदेशले पूर्णता नपाएको भन्दै भन्दै संघीयतालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न वर्तमान सरकारसँग आग्रह गरेका छन्। साथै प्रदेशलाई अधिकार सम्पन्न बनाउने दिशामा नवगठित सरकारले ठोस कदम चाल्नुपर्ने आवश्यकता समेत औंल्याएका छन्।

# माइतीबाट पैसा ल्याउन नसकेको भन्दै श्रीमानले काटे श्रीमतीको खुट्टा

वीरगञ्ज, १५ चैत्र। पर्सामा श्रीमानले श्रीमतीको खुट्टा काटेको अमानवीय र क्रूर घटना बाहिरिएको छ। चैत १ गते बिहान पर्सागढी नगरपालिका–३ विरुवा टोलकी २५ वर्षीय हरिकला सहनीसँग श्रीमान ३० वर्षीय विश्वनाथ सहनीले विवाद सुरू गरेका थिए। विश्वनाथ वैदेशिक रोजगारीमा जान योजनामा थिए। तर आवश्यक पैसा नभएपछि उनले आफ्नी श्रीमती हरिकलाको माइतीबाट ल्याउन दबाब दिएका हुन्। माग गरेको रकम नदिएको भन्दै विश्वनाथले आफ्नी छोरीको खुट्टा काटेर क्रूर व्यवहार गरेको हरिकलाका बुवा राजकुमारले बताए।

'तेरो बाउले ४ लाख रुपैयाँ दिएको भए मैले यस्तो गर्ने थिइन,' विश्वनाथको भनाइ उद्दृत गर्दै राजकुमारले भने। चैत १ गते श्रीमतीको बायाँ खुट्टा काटेर विश्वनाथ फरार भएका हुन्। 'छोरी बिरामी हुँदा, नाति बिरामी हुँदा पाँच–दश हजार सहयोग गरिरहेकै हुथ्यौं। बीचमा ज्वाँईले १० लाख रुपैयाँ मागेको छ, विदेश जान्छु भन्नुभएको थियो,' राजकुमारले भने, 'तपाई हाम्रो आर्थिक अवस्था ठिक छैन, मैले चिनेको मान्छे छन्, कम खर्च लाग्ने देशमा जानु भनेको थिएँ।'

विश्वनाथ र हरिकलाको ३ वर्ष र ७ वर्षका दुई जना छोरा छन्। उनीहरूको पालन पोषण कसरी गर्ने भन्ने चिन्ता हुन थालेको आमा सुमित्राले बताइन्। 'छोरीको त्यस्तो अवस्था छ, नातिहरूको बिचल्ली हुने भयो। आमा हामी त तपाईंके घर जान्छौं भन्छन्,' उनले भनिन्, 'हामी वृद्ध अवस्थामा छौं। १० धुर पनि जमिन छैन, सुकुम्बासी छौं। के गरी पढाउने हो? के गरी हुर्काउने हो। छोराको खुट्टामा रड हालेको पाँच वर्ष भयो, पैसा नभएर झिक्न पाएको छैन।'

चैत १ गते घटनाबारे सूचना पाए लगत्तै ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीको टोली घटनास्थल पुगेको थियो। हरिकलाको उद्धार गरी उपचारका लागि एल.एस. न्युरो एण्ड जनरल हस्पीटल, परवानीपुर बारामा भर्ना गरिएको थियो। घटनाको १४ दिन पछि प्रहरीले विश्वनाथलाई विरुवा गाउँबाटै पक्राउ गरेको छ। उनी विरूद्ध ज्यान मार्ने उद्योग तथा कुटपिट अंगभंग सम्बन्धि कसूरमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख सुदीपराज पाठकले जानकारी दिए।

'महिला हिंसासँग जोडिएको गम्भीर विषय थियो, मानव अधिकार आयोग लगायत सबै सरोकारवालाले चासो राखेका थिए,' एसपी पाठकले भने, 'घटनापछि विश्वनाथ भाग्न उम्कन सक्ने ठाउँहरूमा खोजी गरेका थियौं, जंगलतिर लोकेसन देखिएपछि त्यहाँ पनि टोली पठाएर खोज्यौं। अन्ततः हिजो बेलुका गाउँबाट नै पक्राउ गर्न सफल भयौं।'

# 'पहिले औँठाछाप लगाउँथेँ अहिले हस्ताक्षर गर्छु'

**विजयकुमार साह**

ढल्केबर, १५ चैत्र। धनुषाको सहिदनगर नगरपालिका–५, पचहर्वास्थित मुसहर बस्तीकी ५० वर्षीय उर्मिला सादा अहिले हस्ताक्षर गर्न सक्ने हुनुभएको छ। तीन वर्षअघिसम्म निरक्षर रहेकी उहाँ प्रौढ शिक्षा कार्यक्रममा सहभागी भएपछि हस्ताक्षर गर्न सक्षम हुनुभएको हो।

उर्मिलाले प्रौढ शिक्षा हासिल गरेपछि अङ्क र अक्षर राम्ररी पढ्न लेख्न सिकेको बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले समूहको बैठकमा उपस्थित जनाउँदा औँठाछाप लगाउनुपर्ने बाध्यता थियो। अहिले हस्ताक्षर गर्छु। सानोतिनो हिसाबकिताब पनि आफैँ गर्न सक्छु।" शिक्षा हासिल गरेपछि जीवनशैली र सोचाइमा पनि परिवर्तन आएको उहाँको भनाइ छ।

सोही बस्तीकी परमदेवी सादा पनि अहिले लेखपढ गर्न सक्षम हुनुभएको छ। उहाँले निरक्षरताका कारण भोग्नु परेका दुःख सम्झिँदै भन्नुभयो, "पहिले कागजपत्र बुझ्न अरूको भर पर्नु पर्थ्यो। कागजमा के लेखिएको छ भन्ने बुझ्न सक्दैनथ्यौँ। अहिले भने आफैँ पढ्न सक्छौँ। अब ठगिँदैनौँ।" लेखपढ गर्न सिकेपछि धेरै सहज भएको उहाँको भनाइ छ।

परमदेवीका अनुसार पचहर्वास्थित मुसहर बस्तीमा प्रौढ शिक्षाले उल्लेखनीय परिवर्तन ल्याएको छ। बर्सौंसम्म निरक्षरता भएर बसेका यहाँका सीमान्तकृत मुसहर समुदायका थुप्रै महिला अहिले हस्ताक्षर गर्न सक्ने हुनुभएको छ। स्थानीय रामदयाल सादाले पचहर्वास्थित मुसहर बस्तीमा ९० भन्दाबढी घरधुरी बसोबास गर्दै आएको बताउँदै अधिकांश परिवार दैनिक ज्याला मजदुरीमा निर्भर रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "गरिबी, अशिक्षा र सामाजिक पछौटेपनले यहाँका समुदाय पछाडि पार्दै आएको थियो। आकस्मिक पैसाको आवश्यकता पर्दा साहुमहाजनसँग कपाली तमसुक बनाएर ऋण लिनुपर्ने बाध्यता छ तर लेखपढ गर्न नजान्दा धेरै जना अनुचित सर्तमा ऋण लिँदा ठगीमा पर्ने गरेको थियो तर अब ठगिँदैन।"

सादाले फ्रिडम फन्ड युकेको सहयोगमा सामुदायिक सुधार केन्द्र धनुषाले सञ्चालन गरेको प्रौढ शिक्षा कार्यक्रमले बस्तीमा सकारात्मक परिवर्तन ल्याएको जानकारी दिनुभयो। तीन वर्षअघि सुरु गरिएको सो कार्यक्रममार्फत यस बस्तीका ४० जना महिला साक्षर बनेको उहाँको भनाइ छ।


सामुदायिक सुधार केन्द्र धनुषाका अध्यक्ष सञ्जय साहले सहिदनगर, धनौजी र गणेशमान चारनाथ नगरपालिकामा गरी नौ वटा महिला समूह गठन गरी प्रत्येक समूहमा २० जनाका दरले प्रौढ शिक्षा प्रदान गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "महिला शिक्षित भए परिवार नै शिक्षित हुन्छ भन्ने अवधारणाका साथ कार्यक्रम सञ्चालन गरेका हौँ। यसले शिक्षा, स्वास्थ्य र सामाजिक चेतनामा समेत सकारात्मक प्रभाव पार्न थालेको छ।"

स्थानीय शैलेन्द्र यादवले मधेश प्रदेशमा अझै पनि साक्षरता दर न्यून रहनु चिन्ताको विषय भएको बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँ गाउँमा विद्यालय खुलेका छन् तर पनि सीमान्तकृत समुदायमा निरक्षरता दर उच्च छ।" विशेष गरी महिला अझै शिक्षाबाट टाढा छन्। त्यसैले स्थानीय तहले साक्षरता कार्यक्रम सञ्चालन गर्न आवश्यक भएको उहाँले बताउनुभयो।

# आफन्तलाई भ्रमण लगेको आरोपमा वडा कार्यालयमा तालाबन्दी

**विजयकुमार साह**

ढल्केबर, १५ चैत्र। धनुषाको मिथिला नगरपालिका–५, श्रीपुरस्थित वडा कार्यालयमा स्थानीय बासिन्दाले तालाबन्दी गरेका छन्। वडाका जनप्रतिनिधि र कर्मचारीले बजेट दुरुपयोग गरी धार्मिक तथा पर्यटकीय भ्रमणमा आफ्ना श्रीमती र आफन्तलाई लगेको आरोप लगाउँदै आइतबार स्थानीयले कार्यालयमा तालाबन्दी गरेका हुन्। स्थानीय गणेश महतोले जनताको काम छाडेर जनप्रतिनिधि र कर्मचारीले आफ्ना आफन्त घुमाउन वडाको बजेट दुरुपयोग गरेको भन्दै कार्यालयमा तालाबन्दी गरिएको जानकारी दिनुभयो। वडाको नियमित सेवा पूर्णरूपमा ठप्प पारिएको र बजेटको दुरुपयोग भएको उहाँले बताउनुभयो। स्थानीयले बजेट खर्चको पारदर्शिता र भ्रमणमा सहभागीको विवरण सार्वजनिक गर्नुपर्ने माग गर्दै स्पष्ट जवाफ र छानबिन नभएसम्म तालाबन्दी जारी राख्ने चेतावनी दिएका छन्।वडा कार्यालयले चैत १० गते सूचना जारी गर्दै जनप्रतिनिधि र कर्मचारी धार्मिक तथा पर्यटकीय भ्रमणमा जाने भएकाले पाँच दिनका लागि कार्यालय बन्द रहने जनाएको थियो। यता भ्रमणमा रहेका वडाध्यक्ष रामचन्द्र मण्डलले वडाका सबै जनता आफन्त नै भएको र सबै राजनीतिक दलको निर्णय अनुसार भ्रमण गरिएको बताउनुभयो।




### ओली पक्राउको ...

बालेन्द्र शाह (बालेन) लाई पूर्वप्रधानमन्त्री ओलीको पक्राउको विरोधमा विरोध पत्र बुझाएको हो। सो क्रममा एमाले जिल्ला कमिटी सप्तरीका जिल्ला अध्यक्ष जयप्रकाश ठाकुरले प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई ज्ञापनपत्र हस्तान्तरण गरेको छ।

ज्ञापनपत्रमार्फत एमालेले ओलीलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरिएको आरोप लगाउँदै तत्काल रिहाइको माग गरेको छ। साथै, उक्त कदमलाई गैरकानुनी र अलोकतान्त्रिक भएको दाबी गरिएको छ। एमाले सप्तरीका जिल्ला अध्यक्ष ठाकुरले सरकारको कदमप्रति कडा आपत्ति जनाउँदै कानुनविपरीत गरिएको पक्राउ तुरुन्त खारेज गरी ओलीलाई अविलम्ब रिहा गर्नुपर्ने माग गरेका छन्। उहाँले माग सम्बोधन नभए थप सशक्त आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका छन्। ज्ञापनपत्र बुझाउने क्रममा एमालेका नेता तथा कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो। उहाँहरूले नाराबाजी गर्दै सरकारविरुद्ध प्रदर्शनसमेत गरेका थिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)